बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०७१ साल आषाढ महिनाको ८ गते बुधवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा विभिन्न विषयमा नगरपालिकाको तेस्रो बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :-

| | | | | |
|---|---|---|---|---|
| [signature] | १, | प्रमुख | | श्री गुमान सिंह अर्याल |
| [signature] | २, | उप - प्रमुख | | श्री पद्मा गुरुङ |
| [signature] | ३, | प्र. प्र. अधिकृत | | श्री डुमनाथ कँडेल |
| [signature] | ४, | वडा अध्यक्ष | वडा नं (१) | श्री दुर्गा बहादुर कुँढाघोकी |
| [signature] | ५, | — " — | (२) | श्री मदन बहादुर राना |
| [signature] | ६, | — " — | (३) | श्री चित्र बहादुर दनाई |
| [signature] | ७, | — " — | (४) | श्री राम बहादुर गुरुङ |
| [signature] | ८, | — " — | (५) | श्री इन्द्र बहादुर गुरुङ |
| [signature] | ९, | — " — | (६) | श्री प्रकाश थापा |
| [signature] | १०, | — " — | (७) | श्री ऋषिराम बस्नेत |
| [signature] | ११, | — " — | (८) | श्री पवित्रा थापा राना |
| [signature] | १२, | — " — | (९) | श्री खुशिजङ गुरुङ |
| [signature] | १३, | — " — | (१०) | श्री गंगा बहादुर थापा |
| अनुपस्थित | १४, | — " — | (११) | श्री शिव प्रसाद जोशी |
| [signature] | १५, | कार्यपालिका सदस्य | | श्री हिरालाल विश्वकर्मा |
| [signature] | १६, | — " — | | श्री श्रीनाथ दुलाल |
| कल्पना | १७, | — " — | | श्री कल्पना थापा बोहरा |
| अनुपस्थित | १८, | — " — | | श्री कुना कुमारी रिमाल |
| [signature] | १९, | — " — | | श्री विमला न्यौपाने अधिकारी |
| [signature] | २०, | — " — | | श्री सुक माया गुरुङ |
| सुकमाया | २१, | — " — | | श्री सुक माया घर्ती |
| [signature] | २२, | — " — | | श्री मनिता परियार |

~~विशेष उपस्थिति~~ सहजकर्ता कर्मचारी :-

| | | | |
|---|---|---|---|
| [signature] | २३, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| | २४, | अधिकृत | श्री सुशिला श्रेष्ठ |
| [signature] | २५, | ना. सु. | श्री गोविन्द बहादुर राउत |
| | २६, | का. वा. वडा अध्यक्ष वडा नं (११) | श्री |

गुमान सिंह अर्याल
नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७९ असार ८ गतेको बैठकका प्रस्तावहरु***

- अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
- आ.व.२०७९/८० को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।
- आर्थिक विधेयक २०७९ को सम्बन्धमा
- विनियोजन विधेयक २०७९ को सम्बन्धमा
- नगरसभामा पेश गर्ने आय व्यय विवरण सम्बन्धमा ( आ.व. २०७७।७८ को यथार्थ आय व्यय, चालु आव २०७८।७९ को प्रस्तावित तथा संशोधित आय व्यय, आ.व. २०७९।८० को आय व्यय अनुमान) सम्बन्धमा ।
- आगामी आवको वडास्तरीय योजना तथा कार्यक्रम सम्बन्धमा ।
- बाढी पहिरोबाट अवरुद्ध अति जरुरी सडक खुलाउने सम्बन्धमा
- विपद्जन्य घटनाको सम्बन्धमा ।
- चालु आवको वडास्तरीय योजना संशोधन सम्बन्धमा (वडा नं ४, १०, ११, )
- कोभिड १९ प्रभावित अति विपन्न परिवारहरुको राहत वितरण सम्बन्धमा ।
- प्रदेश लोकसेवा आयोगको पत्र सम्बन्धमा ।
- विविध
  - निर्वाचित प्रतिनिधिहरुले सम्पति विवरण पेश गर्ने सम्बन्धमा ।
  - श्रद्धाञ्जली/समवेदना सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १: अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

२०७९।०२।२५ गतेको कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २: आ.व. २०७९।८० को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।**

आगामी आर्थिक बर्ष २०७९/८० को अनुसूची १ वमोजिमको बार्षिक नीति, कार्यक्रम तथा बजेट पारित गरी मिति २०७९/०३/१० गतेको एघारौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३: आर्थिक विधेयक २०७९ सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आगामी आ.व. २०७९/८० का लागि करका दरहरु तथा राजश्व परिचालनका लागि बेसीशहर नगरपालिकाको अनुसूची २ वमोजिमको आर्थिक विधेयक २०७९ एघारौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।



गुमान सिंह अर्याल
नगर प्रमुख

**निर्णय नं. ४: विनियोजन विधेयक २०७९ सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आगामी आ.व. २०७९/८० का लागि अनुसूची ३ वमोजिमको सञ्चित कोषबाट खर्च गर्ने तथा एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक एघारौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : आय व्यय विवरण सम्बन्धमा**

गत आर्थिक वर्ष २०७७/०७८ को यथार्थ आय व्यय, चालु आर्थिक बर्ष ०७८/०७९ को जेठ मसान्तसम्मको यथार्थ आय व्यय तथा संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०७९/०८० को प्रस्तावित आय व्यय विवरण अनुसूची ४ वमोजिम पारित गरी एघारौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ : आगामी आवको वडास्तरीय योजना तथा कार्यक्रम छनौट मापदण्ड पालना सम्बन्धमा ।**

आगामी आ.व. २०७९।८० को लागि वडास्तरीय योजना छनौटको मापदण्ड वमोजिम योजना तथा कार्यक्रम छनौट गर्दा कतिपय वडाहरुबाट मापदण्ड पालना हुन नसकेको सम्बन्धमा छलफल हुँदा गत कार्यपालिका बैठकले निर्णय गरे वमोजिमकै मापदण्ड पालना गर्ने गरी वडास्तरीय योजना तथा कार्यक्रम संशोधन गर्न वडाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७ : बाढी पहिरोबाट अवरुद्ध अति जरुरी सडक खुलाउने सम्बन्धमा ।**

चालु मनसुनको अवधीमा भारी बर्षाबाट अवरुद्ध भएका तथा अवरुद्ध हुन जाने सडकहरु मर्मत सम्भार गरी सञ्चालन गर्नको लागि देहाय अनुसार कार्य गर्ने निर्णय गरियो ।

(क) सवै वडाहरुले २।२ जनाका दरले (वडा नं १० र ११ ले ३।३ जना) सडक हेरालु छनौट गरी काममा लगाउने र काममा लगाएको मितिदेखि लागु हुने गरी ३ महिनाको लागि मासिक रु १५,०००।- (पन्ध्र) हजारका दरले पारिश्रमिक उपलब्ध गराउने साथै सवै वडाहरुले सडक हेरालुहरुको विवरण तथा काममा लगाएको मिति खुलाई नगरपालिका लाई लिखित जानकारी गराउने । नगरपालिकाबाट आवश्यक औजार सामाग्रीहरु तुरुन्त खरिद गरी सडक हेरालुलाई उपलब्ध गराउने एवम् आवश्यक अभिमुखीकरण गर्ने । अनुगमनको क्रममा सडक हेरालुहरुले काम गरेको नपाइएमा तुरुन्त अर्को हेरालु राख्ने र जानकारी गराउने ।

(ख) अविरल वर्षाको कारण सेनेटरी ल्याण्डफिल्ड साइट जाने पहुँच मार्ग अवरुद्ध भई फोहर विसर्जन कार्यमा अवरोध आएको हुँदा चेनवाला जेसिबी खोजी सो सडकलाई तुरुन्त मर्मत सम्भार गरी सञ्चालनमा ल्याउने ।

(ग) बर्षाको कारण बाढी पहिरो आई जुनसुकै समयमा अवरुद्ध हुन सक्ने सडकहरुलाई खुलाउनको लागि नगरपालिकाको हाल विग्रिएको जेसिवीलाई आवश्यक मर्मत गरी सञ्चालनमा ल्याउने ।

**निर्णय नं. ८ : विपद्जन्य घटनाको सम्बन्धमा ।**

(क) निर्माण व्यवसायीले सडक निर्माण कार्य अलपत्र पारेको कारण बेसीशहर नगरपालिका वडा नं ७ स्थित चिन बहादुर बस्नेतको घर पहिरो गई निजका परिवार अन्यत्र गई बसोबास गरेको हुँदा निज तथा निजको परिवारलाई विपद् व्यवस्थापन कोषबाट रु. ५० हजार राहत उपलब्ध गराउने ।



गुमान सिंह अर्याल
नगर प्रमुख

(ख) बेसीशहर नगरपालिका वडा नं ४ का वडाध्यक्ष गम बहादुर गुरुङको घरमा मध्यरातमा घरमाथिबाट पहिरो आई घरको खोपीमा सुतिरहेको अवस्थामा निजको बुबा आमा तथा उद्दारको क्रममा आफू समेत घाइते भएकोमा वहाँ र वहाँको बुवाको स्थानीय अस्पतालमा उपचार भएको तर आमालाई हेलिकप्टर चार्टर गरी काठमाण्डौमा लगि उपचारको क्रममा रहेको हुँदा वहाँको आमाको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

(ग) नगरपालिकाको एम्बुलेन्स चालक शिव श्रेष्ठ लडेर घाइते हुँदा आँखामा गम्भीर चोट पर्न गई उपचारको क्रममा धेरै रकम खर्च भएकोले निजलाई विपद् व्यवस्थापन कोषबाट रु. ५० हजार उपचार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

(घ) विपद् व्यवस्थापन कोषबाट रु. ३ लाख बराबरको तारजाली र ३ लाख बराबरको सिंचाई पाइप खरिद गरी पहिरो नियन्त्रण तथा सिंचाई कुलो सञ्चालनको लागि आवश्यकतानुसार उपलब्ध गराउने ।

(ङ) विपद् व्यवस्थापन कोषबाट रु ५० हजार बराबरको त्रिपाल तथा प्लाष्टिक खरीद गरी नगरपालिकाको आपत्कालीन कार्य सञ्चालन केन्द्रामा राखी विपद्को समयमा तुरुन्त उपलब्ध गराउने ।

**निर्णय नं. ९ : योजना तथा कार्यक्रम संशोधन/रकमान्तर सम्बन्धमा ।**

चालु आ.व.२०७८।०७९ का देहाय वमोजिमका वडास्तरीय योजना तथा कार्यक्रमहरु देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| साविकको योजना तथा कार्यक्रम | विनियोजित बजेट | हाल कायम गरिएको योजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १.गहतेखोला तिवारीडाँडा कुलो मर्मत बेनपा ११ (नगरस्तरीय) | १००००० | १.झिंगेखोला पुल निर्माण बेनपा ११ | १००००० |
| २.विपद् व्यवस्थापन बेनपा ४ (वडास्तरीय) | ३००००० | २. वडा नं ४ भित्रका बाटो मर्मत सम्भार बेनपा ४ | ७०००० |
| ३.साउनेखोलादेखि खासुरबेसी चोकसम्म नाली निर्माण बेनपा १० ( २०७८।११।१० को कापा निर्णय) | १००००० | ३.साउने खोलादेखि खासुरबेसी भ्गो.पु.सम्म ग्राभेल तथा कच्ची नाली निर्माण बेनपा १० | १००००० |
| ४.विपद् व्यवस्थापन तथा फुटकर खर्च बेनपा १ | ५००००० | ४. १ नं वडा कार्यालयबाट पेश भए वमोजिमका ८ वटा योजना तथा कार्यक्रमको लागि | १२५००० |
| ५.लाँकुरीडाँडादेखि बर्तु जाने गोरेटोबाटो निर्माण बेनपा ५ (दलित भवन अगाडिसम्म) २०७८।११।१० को निर्णय | १००००० | ५.डमरु ज्यार्खाङदेखि नाल्मा स्यारे सम्मको सडक पहिरो सरसफाई बेनपा ५ | १००००० |



गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०३/०८ गतेको बैठक

**निर्णय नं. १० : कोभिड १९ प्रभावित अति विपन्न परिवारहरुको राहत वितरण सम्बन्धमा ।**

कोभिड प्रभावित अति विपन्न परिवारहरुलाई राहत उपलब्ध गराउने सम्बन्धमा लाभग्राहीहरुको अन्तिम नामावली तयार भएको र वडा नं ९ को रुजु गर्ने क्रममा हकमा २ जना सामाजिक सुरक्षा भत्ता खाइपाइ आएका व्यक्तिहरु परेको हुँदा निज २ जनाको नाम हटाई सोही वडामा दावी विरोध गर्ने ७ जनामध्येबाट २ जना छनौट गरी लाभग्राहीको सूचीमा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : प्रदेश लोकसेवा आयोगको पत्र सम्बन्धमा ।**

प्रदेश लोकसेवा आयोग गण्डकी प्रदेश पोखराको च.नं २८६ मिति २०७९।०२।२६ को प्राप्त पत्रानुसार यस बेसीशहर नगरपालिकाको कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन २०७८ वमोजिम विभिन्न मितिमा गरिएका तहबृद्धि तथा ग्रेड बृद्धि बदर गर्ने निर्णय गरियो । साथै यसको लागि प्रदेश लोकसेवा आयोगसंग आवश्यक परामर्श गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : निर्वाचित जनप्रतिनिधिहरुले सम्पति विवरण पेश गर्ने सम्बन्धमा ।**

भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० को उपदफा १ मा व्यवस्था भए वमोजिम यस बेसीशहर नगरपालिकाका सवै निर्वाचित जनप्रतिनिधिहरुले आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पतिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण तोकिएको निकायमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ : श्रद्धाञ्जली/समवेदना सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिका वडा नं ११ का वडाध्यक्ष शिव प्रसाद जोशीको ममतामयी आमा यमन कुमारी जोशीको मिति २०७९।०३।०४ गतेका दिन ६८ बर्षको उमेरमा नै असामयिक निधन हुन गई नगरपालिका परिवार समेत मर्माहत भएको यस दु:खद घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख